## नेपाल नागरिक उड्डयन प्राधिकरण

## कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ को बीसौं संशोधन

प्रस्तावना: नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार (मन्त्रिपरिषद्)ले यो नियमावली बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस नियमावलीको नाम "नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका सर्त र सुविधा सम्बन्धी (बीसौं संशोधन) नियमावली, २०७९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका सर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ को नियम ४.२ मा संशोधन:</u>** नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका सर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ को नियम ४.२ को, -

(१) उपनियम ५ पछि उपनियम (६) थप गरी "नियमनकारी निर्देशनालय मातहतका प्राविधिक दरबन्दीमा कार्यरत कर्मचारीहरुलाई अन्यत्र सरुवा गरिने छैन ।" भन्ने वाक्यांश थपिएको छ ।